KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# NEPAL MEDICAL ASSOCIATION
## ELECTION COMMITTEE
## (2082-2085)

Siddhi Sadan, Exhibition Road, Kathmandu, Nepal. Telephone no. 01-5325860. Email: nmaelection2082@gmail.com Web: www.nma.org.np

**ELECTION COMMITTEE**
**(2082-2085)**

**Chief Election Officer:**
Dr. Pranay Ratna Shakya

**Election Officer:**
Advocate Baburam Aryal

**Election Officer:**
Dr. Atit Poudel

**Election Officer:**
Dr. Bidur Prasad Acharya

**Election Officer:**
Dr. Ranjana Sharma

मिति: २०८२/०९/१०

## प्रेस विज्ञप्ति

**निर्वाचन प्रक्रियाको निष्पक्षता, कानुनी आधार र उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन सम्बन्धमा**

नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन २०८२ का लागि पूर्व निर्धारित तालिका अनुसार उम्मेदवारी मनोनयन दर्ता, मनोनयन उपर दावी विरोध, छानविन तथा उम्मेदवारी फिर्ता लिने लगायतका सम्पूर्ण अनिवार्य प्रक्रियाहरू सफलतापूर्वक सम्पन्न भएका छन्। यी सम्पूर्ण कानुनी र प्रक्रियागत चरणहरू पुरा भए पश्चात निर्वाचन समितिले आज उम्मेदवारहरूको अन्तिम नामावली (Final List of Candidates) प्रकाशन गरेको छ। मिति २०८२ पौष २ गते शुरु गरि हिजो मिति २०८२ पौष ९ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिएको छ । नेपाल चिकित्सक संघ जस्तो गरिमामय संस्थाको यस निर्वाचनलाई पूर्णतः स्वच्छ, निष्पक्ष, धाँधलीरहित र पारदर्शी रूपमा सम्पन्न गरी लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउन निर्वाचन समिति पूर्ण प्रतिबद्ध रहेको प्रतिबद्धता व्यक्त गर्दछ।

यस निर्वाचनका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०८२/०९/०८ मा प्राप्त पत्र (पत्र संख्या २०८२/०६३) र सार्वजनिक रूपमा व्यक्त भएका आशङ्काहरूको यथार्थ जानकारी गराउन निर्वाचन समिति निम्न विषयहरू स्पष्ट पार्न चाहन्छ:

१. **प्रमुख जिल्ला अधिकारीसँगको संयुक्त बैठक र प्रतिबद्धता:**
आज मिति २०८२/०९/०९ मा काठमाडौं जिल्ला प्रशासन कार्यालयमा निर्वाचन समितिका सम्पूर्ण सदस्यहरूको उपस्थितिमा प्रमुख जिल्ला अधिकारी (CDO) र अन्य वरिष्ठ अधिकारीहरूसँग विशेष बैठक सम्पन्न भएको छ। सो बैठकमा समितिले निर्वाचनका सम्पूर्ण प्रक्रियाहरू प्रचलित कानुन, संघको नियमावली र 'ड्यू प्रोसेस' (Due Process) सम्मत रहेको विस्तृत जानकारी गराएको छ। समितिले सबै उम्मेदवारहरूलाई समान र निष्पक्ष अवसर प्रदान गर्न तथा विधिको शासन सुनिश्चित गर्न कुनै कसर बाँकी नराखेको स्पष्ट पारेको छ।

२. **मनोनयन अधिकार र समावेशिताको प्रयास:**
निर्वाचन समितिले कसैलाई पनि मनोनयन गर्नबाट वञ्चित गरेको छैन। निर्वाचन नियमावली, २०७० को परिच्छेद ४ को नियम १ (प्रतिनिधि मार्फत मनोनयन) र नियम ३ (उम्मेदवार स्वयं उपस्थित हुनुपर्ने बाध्यात्मक प्रावधान) बीचको व्यावहारिक असामञ्जस्यलाई फुकाउन समितिले "नोटरी प्रमाणित वारेसनामा" को

Siddhi Sadan, Exhibition Road, Kathmandu, Nepal. Telephone no. 01-5325860. Email: nmaelection2082@gmail.com Web: www.nma.org.np

**ELECTION COMMITTEE (2082-2085)**

**Chief Election Officer:**
Dr. Pranay Ratna Shakya

**Election Officer:**
Advocate Baburam Aryal

**Election Officer:**
Dr. Atit Poudel

**Election Officer:**
Dr. Bidur Prasad Acharya

**Election Officer:**
Dr. Ranjana Sharma

वैकल्पिक व्यवस्था गरेको थियो। यो व्यवस्थाको मुख्य उद्देश्य देशबाहिर रहेका वा दुर्गममा रहेका सदस्यहरूलाई समेत सहभागी गराई निर्वाचनलाई थप समावेशी र सहज बनाउनु थियो। यो समितिले सिर्जना गरेको शर्त नभई प्रचलित कानूनको अधिनमा रही प्रदान गरिएको थप सुविधा हो।

**३. कानुनी बाध्यता र नोटरी पब्लिकको महत्व:**
नोटरी प्रमाणित वारेसनामाको हकमा नोटरी पब्लिक ऐन, २०६३ को दफा २०(ढ) अनुसार "लिखत गर्ने व्यक्ति स्वयं नोटरी समक्ष उपस्थित हुनुपर्ने" व्यवस्था बाध्यात्मक छ। निर्वाचन सम्बन्धी कानुनी कार्यविधिहरू निर्देशनात्मक मात्र नभई पूर्णतः बाध्यात्मक हुने हुँदा रित नपुगेका कागजातलाई मान्यता दिनु निर्वाचन समिति स्वयं कानून उल्लङ्घनको अवस्थामा पुग्नु सरह हुन्छ। उम्मेदवारहरूले प्रक्रिया र स्थापित मापदण्ड पुरा नगर्दा उत्पन्न भएको यस परिस्थितिलाई समितिको 'मनोमानी' भन्नु तर्कसंगत देखिँदैन।

**४. रित नपुगेका मनोनयनहरू र निर्वाचन समितिको पहल:**
वारेसनामा मार्फत मनोनयन गर्ने व्यवस्था अन्तर्गत १० जना उम्मेदवारका प्रतिनिधिहरू वारेसनामा सहित उपस्थित भएकोमा रित पुऱ्याएका २ जनाको उम्मेदवारी प्रारम्भिक समयमा नै सदर भएको छ। बाँकी ८ जनाको हकमा गैरकानुनी प्रस्तुतीकरण (Unlawful Submission) र गम्भीर लापरवाही देखिएकोले निर्वाचन समितिले निजहरूको मनोनयन कायम गर्न नसकिने निर्णय गरेको छ:

- डा. अरुण शाही: निजको वारेसले पेश गरेको वारेसनामा नोटरी पब्लिक ऐन, २०६३ बमोजिम उम्मेदवार स्वयं उपस्थित नभई प्रमाणीकरण गरिएको र सो समयमा उम्मेदवार नेपाल सरहद बाहिर रहेको तथ्य पुष्टि भएकोले अर्का उम्मेदवार डा. सुवाष भट्टराईको दावी-विरोधका आधारमा मनोनयन रद्द गरिएको हो।
- डा. सरोज गिरी: वारेसनामा इमेलमार्फत प्राप्त भएकाले स्वीकार नगरिएको।
- अन्य: रितपूर्वकको वारेसनामा पेश नभएकै कारण डा. अजय कुमार मिश्र (वरिष्ठ उपाध्यक्ष), डा. हरिशंकर कार्की (कोशी), डा. मोहम्मद अमनुल हक (मधेश), डा. लक्ष्मण शर्मा (लुम्बिनी), डा. जीवन क्षेत्री र डा. गणेश चौधरी (सदस्य) को मनोनयन दर्ता हुन सकेन।

**५. उम्मेदवारहरूको अन्तिम नामावली (Final List of Candidates):**

**अध्यक्ष (१ पद):** डा. बद्री रिजाल, डा. मंगल रावल, डा. नारायण प्रसाद भुसाल
**वरिष्ठ उपाध्यक्ष (१ पद):** डा. कीर्तिपाल सुवेदी, डा. सन्जिव तिवारी

KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
## NEPAL MEDICAL ASSOCIATION
## ELECTION COMMITTEE
(2082-2085)

Siddhi Sadan, Exhibition Road, Kathmandu, Nepal, Telephone no. 01-5325860. Email: nmaelection2082@gmail.com Web: www.nma.org.np

**ELECTION COMMITTEE**
**(2082-2085)**

**Chief Election Officer:**
Dr. Pranay Ratna Shakya

**Election Officer:**
Advocate Baburam Aryal

**Election Officer:**
Dr. Atit Poudel

**Election Officer:**
Dr. Bidur Prasad Acharya

**Election Officer:**
Dr. Ranjana Sharma

**उपाध्यक्ष (प्रदेश संयोजक - ७ पद):**

- कोशी: डा. रोशन खड्का, डा. टंक प्रसाद बराकोटी
- मधेश: डा. अमित रंजन मिश्रा, डा. उदय नारायण सिंह
- बागमती: डा. एकानन्द सिंह, डा. रुवश नाथ योगी, डा. सुवास भट्टराई
- गण्डकी: डा. नवराज लम्साल, डा. यज्ञ राज सिग्देल
- लुम्बिनी: डा. नन्दा कुमारी गुरुङ, डा. सन्तोष पोखेल
- कर्णाली: डा. अनुप मंगल समाल, डा. रविन खड्का
- सुदूरपश्चिम: डा. निरज अर्याल, डा. प्रमोद जोशी

**महासचिव (१ पद):** डा. अमृत भुसाल, डा. विश्वराज दवाडी, डा. कालु सिंह खत्री
**कोषाध्यक्ष (१ पद):** डा. चाँदनी जयसवाल, डा. संयुक्त आचार्य
**सह-सचिव (१ पद):** डा. हुलास अग्रवाल, डा. राम जीवन प्रसाद, डा. सन्तोष अधिकारी
**सह-कोषाध्यक्ष (१ पद):** डा. सुवास गुरुङ, डा. तेज्सु सिंह मल्ल
**केन्द्रीय सदस्य (६ पदका लागि १६ जना):** डा. आरती शाह, डा. अमित झा, डा. अरुण उप्रेती, डा. भवानी शिल्पकार, डा. विना श्रेष्ठ, डा. दिक्षा बोहरा, डा. हिमलाल भण्डारी, डा. निराजन तामाङ, डा. पलपसा श्रेष्ठ, डा. परशु राम घिमिरे, डा. राकेश शाह, डा. शेषराज घिमिरे, डा. सुमेध मिश्रा, डा. सुष्मित काफ्ले, डा. विजय कुमार शाह, डा. जेबना अन्सारी।

**६. समान व्यवहार र कानुनको शासन:**

कानुनको शासनको आधारभूत सिद्धान्त अनुसार यस निर्वाचन समितिले सबै उम्मेदवारहरूमा एउटै कानुनी मापदण्ड लागू गरेको छ। रित नपुगेका केही उम्मेदवारहरूलाई मात्र विशेष छुट दिनु स्वैच्छाचारी र विभेदपूर्ण हुने भएकाले त्यस्तो कार्य निर्वाचनको निष्पक्षता र तटस्थतासँग असंगत हुने स्पष्ट छ।

अन्त्यमा, निर्वाचन समिति २०८२ ले लोकतान्त्रिक निर्वाचन प्रक्रियालाई अधिकतम सहज, समावेशी, पारदर्शी र कानुनसम्मत बनाउन कुनै कसर बाँकी नराखेको स्पष्ट पार्दछ। सम्पूर्ण विवरण संघको वेबसाइट www.nma.org.np मा उपलब्ध छ।

डा. प्रणय रत्न शाक्य
प्रमुख निर्वाचन अधिकृत
नेपाल चिकित्सक संघ,
केन्द्रीय निर्वाचन समिति २०८२